आज मिति २०७९ साल श्रावण ७ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा नगर कार्यपालिका बैठक बसी तपसिलको निर्णयहरु पारित गरियो ।

तपसिल

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख

श्री धनसरा बोहरा, नगर उपप्रमुख

श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १

श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीत बहादुर सुनार,वडा अध्यक्ष वडा नं. ३

श्री गंगा बहादुर खत्री,वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८

श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९

श्री विर बहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०

श्री जय बहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११

श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२

श्री गणेश बहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री सहविर महर, कार्यपालिका सदस्य

श्री पवित्रा घर्ति, कार्यपालिका सदस्य

श्री गौमायाखत्री, कार्यपालिका सदस्य

श्री खगीसरा पुनमगर, कार्यपालिका सदस्य

श्री मानसिं परियार, कार्यपालिका सदस्य

श्री अमृता विसी विष्ट, कार्यपालिका सदस्य

श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य

श्री कृष्ण प्रसाद पोखेल,(सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री मानबहादुर ठाडा, लेखाअधिकृत

श्री कुलबहादुर खड्का, अधिकृत छैटौं

श्री कृष्ण बहादुर शाही, का.स.

**प्रस्ताव नं. १ : भू उपयोग योजना तर्जुमा गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : यस भेरीगंगा नगरपालिकाको भू-उपयोग योजना तर्जुमा गर्नका लागि आवश्यक प्रक्रिया अधि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : कानूनी सल्लाहकार सम्बन्धमा ।**

निर्णय नं २ : यस भेरीगंगा नगरपालिकाले कानूनी सल्लाहकारबाट विभिन्न कानूनी परामर्श लिनुपर्ने भएकोले मासिक रुपमा रु १० हजारका दरले कानूनी सल्लाहकारको सेवा परामर्श खरिद गर्ने र अधिवक्ता तोक्ने कार्यका लागि नगर प्रमुखलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : ढुंगा, गिट्टी बालुवालगायतको नदीजन्य पदार्थको लागि IEE गर्ने सम्बन्धमा ।**

निर्णय नं ३ : यस भेरीगंगा नगरपालिकाको ढुंगा, गिट्टी बालुवालगायत नदीजन्य पदार्थको निकासी तथा ढुवानी गर्ने प्रयोजनका भेरी नदी, छिन्चु खोला, मोहटी खोला, डुंगी खोला, नाच्ने खोला, भिंनी खोला र गोछे खोलाको लागि IEE गर्न आवश्यक प्रक्रिया अधि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : राजस्व संकलनलाई थप प्रभावकारी बनाउन अभियान संचालन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिका सुर्खेतको राजस्व संकलनलाई थप प्रभावकारी बनाउन अभियानको रुपमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : भवन निर्माण संहिताको पूर्ण पालना सम्बन्धमा ।**

निर्णय नं. ५ : भवन निर्माण संहिता २०७२ को पूर्ण पालना गर्न/गराउन यस नगरपालिका मातहका सबै निकायलाई परिपत्र गर्ने निर्णय गरियो । साथै नगरक्षेत्रभित्र नक्सापास नगरी कुनै पनि भवन तथा संरचना निर्माण गर्न नदिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : बजार सरसफाई अभियान सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाको वजार सरसफाई अभियानलाई निरन्तर रुपमा संचालन गर्नका लागि मासिक रुपमा बजार बन्द हुने दिनमा सरसफाई अभियान संचालन गर्ने साथै सरसफाई सम्वन्धि कार्यलाई थप प्रभावकारी बनाउन कार्ययोजना बनाई लागू गर्ने निर्णय गरियो ।